बैठक नं. ४१

आज मिति २०७६ साल श्रावण २८ गते साँझ ५:०० बजे मंगलबार को दिन यस देवचुली नगर पालिका को प्रमुख श्री पूर्ण कुमार श्रेष्ठ ज्यू को अध्यक्षता मा नगर कार्यपालिका को ४१ औं बैठक बस्यो।

## उपस्थिती

| सि. नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २. | श्री पार्वती तिवारी | नगर-उप प्रमुख | |
| ३. | श्री लक्ष्मण राज भण्डारी | कार्यपालिका-सदस्य | |
| ४. | श्री माधव के.सी. | ״ | |
| ५. | श्री गोपाल राज शर्मा लम्साल | ״ | |
| ६. | श्री गिर बहादुर थापा क्षेत्री | ״ | |
| ७. | श्री शिवलाल सापकोटा | ״ | |
| ८. | श्री मित्र बहादुर सोती मगर | ״ | |
| ९. | श्री धुप राज पाठक | ״ | |
| १०. | श्री चन्द्र बहादुर पिंडाली | ״ | |
| ११. | श्री भैरव बहादुर थापा वाल मगर | ״ | |
| १२. | श्री केशर आले | ״ | |
| १३. | श्री रमेश बहादुर ठाडा | ״ | |
| १४. | श्री दिना नाथ भुसाल | ״ | |
| १५. | श्री डिल बहादुर खत्री | ״ | |
| १६. | श्री हेम राज दवाडी | ״ | |
| १७. | श्री हरि भक्त भट्टराई | ״ | |
| १८. | श्री केशर बहादुर क्षेत्री | ״ | |
| १९. | श्री विष्णु प्रसाद आचार्य | ״ | |
| २०. | श्री टिका माया पिंडाली | ״ | |
| २१. | श्री सकुन्तला गुरुङ | ״ | |
| २२. | श्री सुर्यचन्द्र सुवेदी | ״ | |
| २३. | श्री माया सुवेदी | ״ | |
| २४. | श्री नव कुमारी शर्मा | ״ | |
| २५. | श्री कमला दर्मै | ״ | |
| २६. | श्री खेम लाल नेपाली | ״ | |
| २७. | श्री भोज बहादुर माझी | ״ | |
| २८. | श्री विष्णु प्रसाद भुसाल | सचिव | |

## अन्य आमन्त्रित

१. शिवलाल डीके, प्रशासन तथा योजना अनुगमन शाखा
२. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
३. भीष्म पौडेल, लेखा अधिकृत, आ.प्र. शाखा
४. टिकाराम बस्याल, इन्जिनियर, प्राविधिक शाखा
५. अभिनाश पन्थी प्रशासन तथा योजना उपशाखा
६. कलाहरी सापकोटा - सूचना प्रविधि अधिकृत
७. सन्तोष कापले - इन्जिनियर

## मिति २०७६/०४/२८ मा बसेको ४१औं कार्यपालिका बैठकको निर्णयहरु:

१. आ.व. २०७६/०७७ को बार्षिक कार्यक्रम तथा योजना कार्यान्वयन चैत्र मसान्तभित्र सम्पन्न गर्नेगरि सबै वडा/शाखाहरुले योजना कार्यान्वयन कार्ययोजना बनाई आगामी कार्यपालिका बैठकमा पेश गर्ने । विगत वर्षहरुमा वार्षिक योजना तथा कार्यक्रमहरु आर्थिक वर्षको अन्त्यतिर शुरु गर्ने र असार महिनामा कार्यान्वयन गर्ने प्रवृतिलाई न्यूनिकरण गर्न चालु आ.व. मा योजना कार्यान्वयन कार्य योजना बनाई चैत्र मसान्त भित्रै योजना सम्पन्न गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गर्ने । यसको लागि वडा स्तरीय योजनाहरु चैत्र मसान्तभित्र सबभन्दा अगाडी तोकिएको मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्ने वडाहरुलाई प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्वरुप वोनस योजना बापत सम्बन्धित वडाले छनौट गरेको योजनाको लागि क्रमश रु २० लाख, १५ लाख, १० लाख र ५ लाख उपलब्ध गराउने ।

२. नगर प्रमुखको अध्यक्षतामा बसेको नगर दररेट निर्धारण समितिको बैठकले आ.व. २०७६/०७७ को लागि निर्धारण गरेको नगर दररेट अनुमोदन गर्ने । साथै सडक बिभागले निर्धारण गरेको सडक निर्माण सम्बन्धी पछिल्लो "नर्म्स " लागू गर्ने ।

३. कारितास, नेपालबाट नेपाल जिवीकोपार्जन तथा उत्थानशिल कार्यक्रम संचालनका लागि सहमति माग भएकोमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित वडा अध्यक्षसँग समन्वय गर्ने र वार्षिक प्रगति प्रतिवेदन नगरपालिकामा पेश गर्ने गरि कार्यक्रम सञ्चालन गर्न अनुमति दिने ।

४. साविक करारमा कार्यरत कर्मचारीको सेवा आवश्यक देखिएकोले बढीमा ६ महिनाको लागि सेवा करार सम्झौता गरी काममा लगाउने । राजपूत सेक्यूरिटिज मार्फत सरसफाई कर्मचारीको रुपमा कार्यरत जानुका घिमिरेलाई कार्यालय सहयोगीको दरवन्दीमा सेवा करार सम्झौता गरि सोहि काममा लगाउने । विगत देखि सरसफाई सहयोगीको रुपमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई दैनिक रु ६००।०० ज्याला उपलब्ध गराई सोहि काममा लगाउने । उपर्युक्त बमोजिमका सबै सेवा करारका कर्मचारीको लागि आ.व. २०७६/७७ को शुरुदेखि साविक खाईपाई आएको मासिक पारिश्रमिकको १०% थप गरी सेवा करार सम्झौता गर्ने । महंगी भत्ता करार सेवामा कार्यरत सबै कर्मचारीलाई दिने । राजपूत सेक्यूरिटिज मार्फत सुरक्षा गार्डको सेवा निरन्तरता सम्बन्धमा प्रति सुरक्षा गार्ड मूल्य अभिवृद्धि कर (भ्याट) बाहेक रु १७०००।०० प्रति महिनाका दरले उपलब्ध गराउने गरी साउन १, २०७६ देखि लागू हुने गरी सम्झौता गर्ने ।

५. यस कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा विद्युत सेवा सुचारु तथा मर्मत सम्भार गर्न परामर्श सेवा प्रदायक देवचुली-१३, निवासी श्री हरि भुसाललाई मासिक रु ९०००।– (करसहित) उपलब्ध गराउने । साथै यस कार्यालयको स्टोरको लागि भडामा लिईएको देवचुली-१४ स्थित रिता श्रेष्ठको घरको भाडा नियमानुसार १५ प्रतिशत वृद्धि गर्ने ।

६. वरचुली मा.वि.का विद्यार्थीहरुले नवलपुर जिल्लास्तरीय फूटबल प्रतियोगितामा प्रथम भै गण्डकी प्रदेश स्तरीय फूटबल प्रतियोगितामा सहभागी हुनको लागि रु १ लाख २० हजार वरचुली मा.वि. मार्फत उपलब्ध गराउने ।

७. नक्सा पास र घर निर्माण कार्यलाई थप व्यबस्थित गर्न देहाय बमोजिम गर्ने ।

क. निजी घर निर्माण गर्ने निर्माण व्यावसायी/ठेकेदारहरुलाई नगरपालिकामा सूचीकृत गर्ने ।

ख. घर निर्माण लागत दररेट समेत निर्धारण गर्ने ।

ग. नक्सापासको लागि दरखास्त दिंदा सूचिकृत ठेकेदार र घरधनी बिच भएको सम्झौता पेश गर्नुपर्ने ।

घ. नक्सा निर्माण गर्ने ईन्जिनियरिङ कन्सल्टेन्सीले लिने सेवा शुल्कको दररेट निर्धारण गर्ने ।

ङ. नक्सा पासको लागि पेश गर्दा सेवा शुल्कको रसिद समावेश गर्ने ।

च. "क" र "ख" वर्गको घर निर्माण को लागि सुपरिवेक्षण गर्ने ईन्जिनियर र घर धनी बिच भएको सम्झौता पेश गर्ने ।

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

छ. नक्सा पास गरि मापदण्ड बमोजिम घर निर्माण गरे नगरेको अनुगमन गरि प्रतिवेदन पेश गर्न सबै वडा कार्यालयलाई निर्देशन दिने साथै यस कार्यलाई थप प्रभावकारी बनाउन तेस्रो पक्ष सुपरिवेक्षण समेत गर्ने ।

८. निर्माण भैरहेका सडक बिचका विद्युत पोल हटाउन नेपाल विद्युत प्राधिकरण कावासोती शाखासँग समन्वय एवं अनुरोध गर्ने साथै सडक निर्माण कार्य गर्दा सडक क्षेत्रभित्र पर्ने विद्युत पोल र खानेपानीको पाइपलाईन विस्थापन गर्ने गरी लागत अनुमान तयार गर्ने ।

९. कार्यपालिका सदस्यहरुलाई देहायका विषयमा जिम्मेवारी तोक्ने :-

क. फोहर व्यबस्थापन – श्री खेमलाल नेपाली

ख. राजस्व व्यबस्थापन – श्री नव कुमारी शर्मा

ग. लक्षित वर्ग (महिला उद्यमशिलता, मर्यादित आवास आदि) - श्री कमला दमाई

घ. निजीक्षेत्र सँग सहकार्य (उद्योग, वाणिज्य, पर्यटन) – श्री सुबोचन्द्र सुवेदी

ङ. सहकारीसँग सहकार्य – श्री माया सुवेदी

च. सार्वजनिक जग्गा एकीन, संरक्षण, प्रवर्धन – श्री भोजबहादुर माझी

छ. शिक्षा र स्वास्थ्य – श्री टिकामाया सिंजाली

ज. कृषि र पशु – शकुन्तला गुरुङ ।

१०. सबै पद र तहका कर्मचारीको कार्य विवरण बनाई कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गर्ने ।

११. वडा संचालन खर्च एवं स्टेसनरी लगायतका नखप्ने सामान र दैनिक कार्यसम्पादनका लागि आवश्यक सामानको खरिद तथा खर्च वडा सचिवले गरि जिन्सी किताबमा अभिलेख व्यबस्थित गर्ने ।

१२. वडागत योजनाको सामग्री नियमानुसार वडाबाटै खरिद गरी भुक्तानीको लागि पेश गर्ने ।

१३. प्रत्येक वडामा एक आर्थिक वर्षमा एक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने र सो को लागि प्रति वडा रु २० हजार सम्म उपलब्ध गराउने ।

१४. गत २०७६ जेठ ७ र ८ को हावाहुरी पीडितको लागि राहत वितरण गर्न नपुग रकम रु ६ लाख ३८ हजार ५ सय यस वर्षको विपद् कोषबाट खर्च गर्ने ।

१५. मोती जयन्ती २०७६ को अवसरमा साहित्यिक स्रष्टा सम्मान, कृति विमोचन तथा पुरस्कार वितरणको लागि नारी साहित्य समाजले आयोजना गर्ने कार्यक्रमको लागि सम्बन्धित बजेट शीर्षकबाट रु ३५ हजार उपलब्ध गराउने ।

१६. यस कार्यालयको आ.व. २०७५/०७६ को आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय कावासोतीलाई अनुरोध गर्ने ।

१७. नगरपालिकालाई आवश्यक पर्ने खप्ने सामान खरिद गर्दा कार्यपालिकामा जानकारी गराएर मात्र गर्ने ।

१८. देवचुली – ९ स्थित विशालटार खानेपानी आयोजनाको पुरानो मुहानमा समस्या उत्पन्न भै पाईपबाट लेदो आई खानेपानीको प्रवाह नै अवरुद्ध भएकोले अर्को मुहानबाट पाईपलाईन विस्तार गर्न ल.ई. बमोजिमको रकम रू २ लाख ८ हजार १ सय ७६ उपलब्ध गराउने ।

१९. देवचुली नगरपालिका भित्रका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक गर्न भनी राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागबाट लेखि आएकोले उक्त कार्यमा संलग्न कर्मचारीले अतिरिक्त समयमा समेत कार्य गर्नुपर्ने भएकाले सम्बन्धित कर्मचारीलाई प्रति लाभग्राहीको विवरण अद्यावधिक गरेबापतको रु १०।– (दश) का दरले उपलब्ध गराउने ।

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख